# देवचुली नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय

प्रगतिनगर, नवलपरासी (बर्दघाट-सुस्ता पूर्व)
गण्डकी प्रदेश, नेपाल
२०७३

प.स. - ०७५।०७६
च.नं. - ८१२

मिति : २०७५।०७।१३

## घरनक्सा अभिलेखिकरण गर्ने सम्वन्धी सूचना

देवचुली नगरपालिका नगर कार्यपालिकाको मिति २०७५।०७।०८ गतेको २५ औं बैठकको निर्णय अनुसार देवचुली नगर क्षेत्रभित्र नगरपालिका घोषणा हुनुपूर्व र यस नगरपालिकामा गाभिन आएको साविक रजहर गा.वि.स. क्षेत्रभित्र निर्माण भएका पक्की घर टहराहरु मिति २०७५ चैत्र मसान्त भित्र अभिलेखिकरणका लागि नगरपालिकामा घर नक्सा सम्वन्धी कागजात र घर धनीको नेपाली नागरिकता प्रमाणपत्र संलग्न राखी अभिलेखिकरण गर्नु गराउनुहुन सम्वन्धित सबैको जानकारीको लागि यो सार्वजनिक सूचना प्रकाशित गरिएको छ । तोकिएको समय भन्दा पछि अभिलेखिकरण गर्नका लागि कार्यालय वाध्य नहुने व्यहोरा सूचित गरिन्छ ।

## सडक छेउमा थुपारिएका निर्माण सामाग्री हटाउने सम्वन्धी सूचना

देवचुली नगर कार्यपालिकाको मिति २०७५।०६।०७ गते बसेको २८ औं बैठकको निर्णय अनुसार देवचुली नगर क्षेत्रमा पर्ने राजमार्ग तथा भित्री सडकहरुको छेउछाउमा निर्माण सामाग्रीहरु थुपार्ने, मुख्य बजार क्षेत्रहरुमा व्यवसायीहरुले व्यापारिक प्रयोजनको लागि सडक अधिकार क्षेत्रभित्र रहने स्थानमा छड,सिमेन्ट लगाएतका अन्य बिक्रीजन्य बस्तुहरु जम्मा गरी सोही ठाउँबाट बिक्री वितरण गर्ने गरेको पाईएको हुँदा त्यसरी लामो समय सम्म सडक अधिकार क्षेत्रभित्र पक्की सडकमा सामाग्रीहरु थुपार्दा सडक कमजोर भई वातावरणीय दृष्टिकोणले पनि उपयुक्त नहुने हुँदा नगर क्षेत्रलाई स्वच्छ, सफा र वातावरणमैत्री बनाउनका लागि सबै नगरबासीहरुको सहयोगको लागि अनुरोध छ । साथै सडक अधिकार क्षेत्रभित्र थुपारिएका सामाग्रीहरु यो सूचना प्रकाशित मितिले १५ दिनभित्र सम्वन्धित सरोकारवालाहरुले हटाउनु हुन सूचित गरिन्छ । तोकिएको समयभित्र अटेर गरी नहटाएमा नगरपालिकाको तर्फबाट जफत गरि हटाउने तर्फ कार्वाही गरिने व्यहोरा  सबै नगरबासीहरुमा सूचित गरिन्छ ।

(भिमकान्त पौडेल)
प्रमुख प्रशासकीय अधिकृत

Scanned by CamScanner